जिल्ला प्रशासन कार्यालय, काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी बसन्त राज गौतम

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३/८४ (हातहतियार)

दर्ता मिति :– २०६८/१०/०४

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.७५७, मिति :– २०७१/०७/१७

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**............१ | गणेशबहादुर सुनुवारको छोरा, जि.ओखलढुङ्ग, प्राप्चा गा.वि.स. वडा नं.१ बस्ने वर्ष ३५ को प्रेम सुनुवार.......................................................................... १ |
| निजको प्रमाण.................................. | रेशमलाल चौधरीको छोरा जि. सुनसरी, सिमरिया गा.वि.स. वडा नं.५बस्ने वर्ष ३२ को शम्भु चौधरी............................................................ १ |
| साक्षी ............. | सुरतलाल खवासको छोरा, जिल्ला सुनसरी, चाँदवेला गा.वि.स.वडा नं.३ बस्ने वर्ष २२ को विरेश भन्ने दिपक खवास..............................................१ |
| कागज........................................... | सन्तबहादुर घिसिङ्गको छोरा,जिल्ला मकवानपुर, नामटार गा.वि.स.वडा नं.७ बस्ने बर्ष ३० को डेविट शंकर भन्ने शंखर घिसिङ्ग............................१ |
| | कृष्णबहादुर तामाङ्गको छोरा जिल्ला काभ्रेपलान्चोक,अनेकोट गा.वि.स.वडा नं.९ बस्ने सानुकान्छामान,सानुवावु समेत भनिने सानोकाजी तामाङ्ग..................१ |
| | निजको प्रमाण .................................................................. |
| | साक्षी ............................................................................ |
| | कागज ........................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण............................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

मुद्दा :- हातहतियार खरखजना ।

१. मिति २०६८।९।८ गते सांझ १८:४५ वजेको समयमा का.जि.कपन गा.वि.स.वडा नं ३ मिलनचोकमा भएको मातामनकामना सुनचांदी पसलमा प्रेम सुनुवार,शंखर घिसीङ्ग,शम्भु चौधरी, दिपक खवास समेतले Made in USA , no 7001 लेखेको पेस्तोल तथा नलकटुवा पेस्तोल समेत लिई सुन पसलमा प्रवेश गरी संचालक हर्क व. दियाली र कामदार रोशन वि.क.लाई गोली प्रहार गरेकोमा हर्क व. दियालीको मृत्यु भएको तथा रोशन वि.क.घाईते भई उपचारको क्रममा रहेको सम्वन्धमा खुनडांका मुद्दामा अनुसन्धान भई रहेकोमा निज प्रतिवादीहरुले प्रयोग गरेको Made in USA , no 7001 लेखेको पेस्तोल,नलकटुवा पेस्तोल, म्यागजीन २ थान,

जंगी गोली राउण्ड ११ थान,समेत वरामद भएको हुँदा निज प्रतिवादीहरु हातहतियार खरखजना अर्न्तगत समेत कारवाही गरी पाउ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

२. काडमाण्डौ जिल्ला कपन गा.वि.स.वडा नं.३ मिलनचोमा हर्क वहादुर दियालीले संचालन गरेको माता मनकामना सुनचांदी पसल रहेको, दक्षिण साईड वाट घर भित्र प्रवेश गर्ने च्यानेल गेट रहेको, सो वाट भित्र हेर्दा प्यासेज वाट माता मनकामना सुनचांदी पसलमा जाने भित्री ढोका रहेको, सुनचांदी पसल भित्र हेर्दा कोठा पार्टेसन गरी अगाडी सटरको तर्फको भागमा सुनचांदी पसल र पछाडीको भाग कोठामा सुनको गहना वनाउने कारखाना रहेको, सुन पसलमा गहनाहरु राख्ने र्‍याक, सोकेस तथा कुनापट्टी लकर समेत रहेको, कारखाना कोठा वाट पसलमा जाने निहुरीएर प्रवेश गर्ने गेट ढोका नजीक भुईमा रगतको आहल रहेको, रगतको टाटाहरु यत्रतत्र छरिएको,सो पसल देखी अ.१० मिटर दुरी सडक किनारमा KF 7.65 लेखेको गोलीको खोका फेला परेको,रगतको आहल भएको कोठा भुईमा गोलीको लिड जस्तो देखिने १ थान र KF 7.65 लेखेको गोलीको खोका थान १ फेला परेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृती मुचुल्का ।

३. का.जि.का.म.न.पा. वडा नं ६ वौद्ध तिनचुली वेरलिङ्ग गुम्वा अगाडी रहेको दावा पासाङ्ग शेर्पाको खाली जग्गामा प्रवेश गर्ने गेट संग सटेको फोहोर फालीएको थुप्रो मुनी ल.८ ईन्च, Made in USA , no 7001 लेखेको लोड गरेको अवस्थामा रहेको म्याजिन भित्र KF 7.65 लेखेको १ राउण्ड गोली रहेको, चेम्वरमा KF 7.65 लेखेको १ राउण्ड गोली लोड भएको पेस्तोल थान १ ,ल. ८.५ ईन्च भएको घरेलु जस्तो देखिने पेस्तोल थान १, KF 7.65 लेखेको जंगी राउण्ड गोली ९ राउण्ड फेला परेको हुँदा वरामद गरीएको भन्ने समेत व्यहोराको खानतलासी वरामदी मुचुल्का ।

४. मिति २०६८।९।७ गते मेरो कोठामा मेरो श्रीमान प्रेम सुनुवारको साथी शम्भु चौधरी र शंकर घिसीङ्ग आएका थिए,निजहरुलाई भान्जी समिता सुनुवारको कोठामा सुताएको थिए,के के कुरा भयो मलाई थाहा भएन,भोली पल्ट विहान शम्भु चौधरीको श्रीमती अनिता चौधरी पनि आएकी थिईन,सो दिन वेलुका अ. ४ वजेतिर मेरो श्रीमान वाहिर काम पर्‍यो भनि जानु भएको थियो,सांझ अ. ७ वजेतिर अनिता चौधरी पनि श्रीमानले वोलाउनु भयो भनि गएकी थिईन, मलाई कपनको घटना सम्वन्धमा केही थाहा भएन भन्ने समेत व्यहोराको माया सुनुवारको कागज ।

५. वरामद भएको हतियार दिपक खवासले ल्याएको हो, म र प्रेम सुनुवार भई २०६७ सालको मंसिरमा पोखरामा काचो सुन डांका गरेका थियौं, पोखरामा डाका गरे पश्चात म गांउ घरमा वसी आएको थिए, गत महिनामा सुनसरी जिल्लाको चाँदवेला भन्ने ठांउमा भएको मेलामा दिपक खवास र म समेतको संलग्नतामा झगडा परी मानीस मारे पश्चात लुकी छिपी वसेका थियौं, यसै क्रममा प्रेम सुनुवारले मलाई फोन गरी सुन पसलमा डांका गर्नु पर्‍यो भनि वोलाएका थिए, सो कुरा दिपक खवासलाई वताई यहि पुषको २ गते हतियार लिई काठमाण्डौ आई वसेका थियौं,काठमाण्डौ आएपछि प्रेम सुनुवार संग फोन सम्पर्क भई पौष ५ गते म ,दिपक खवास र प्रेम सुनुवारको कोटेश्वरमा भेट भयो, प्रेम सुनुवारले वैंकमा डांका गरौं भनेका थिए, मैले वैंकमा सिसि क्यामेरा हुन्छ डांका गर्न सकिदैन ,सुन पसल खोज भने । प्रेम सुनुवारले हुन्छ पछि कुरा गरौला भने,अनि सुनपसलमा डांका गर्नु पर्छ हेर्न जाउ भनि शंकर घिसीङ्गको मो.सा.मा प्रेम सुनुवार ,सानोकाजी तामाङ्गको मो.सा.मा म चढी का.जि.,कपन गा.वि.स.वडा नं ३ मिलनचोकमा आयौं, मिलनचोकको माता मनकामना सुन पसल हेरे पछि हात्तीगौडाको सुन पसल पनि हे-यौ, त्यस पछि म र प्रेम सुनुवार, दिपक खवासलाई लिन कोटेश्वर तर्फ गयौं, सानुकाजी तामाङ्ग आफ्नो कोठा तर्फ गए, शंकर घिसीङ्ग, प्रेम सुनुवारको कोठातिर गए,सो दिन म दिपक खवास,शंकर घिसीङ्ग, प्रेम सुनुवारको कोठामा वस्यौं,भोली पल्ट विहान अथार्त मिति २०६८।९।८ गते विहान मेरो श्रीमती अनिता चौधरी पनि प्रेम सुनुवारको कोठामा आईन ,प्रेम सुनुवार आफ्नो श्रीमतीलाई लिई वालाजु गए,म र शंकर घिसीङ्ग एयरर्पोट गयौं, दिपक खवास र मेरो श्रीमती त्यही वसे,एयरपोर्टको वदाम खाने डांडामा म शंकर घिसीङ्ग, प्रेम सुनुवार र सानोकाजी तामाङ्गको भेट भयो, मैले सागर राईलाई वोलाएको थिए, उनि आएनन् , त्यही वसी मातामनकामना सुनचांदी पसलमा डांकाचोरी गर्ने निर्णय गरी हामी पुन प्रेम सुनुवारको कोठा अगाडीको चउरमा दिनको अ.४वजेतिर  भेट भयौं,उक्त चउरमा म ,शंकर घिसीङ्ग, सानुकाजी तामाङ्ग, प्रेम सुनुवार,दिपक खवास र सागर राई समेत भेट भएको थियो,त्यसपछि हामीहरु शेर्पेनीको होटलमा गई खाजा खायौ,मैले र शंकर घिसीङ्गले १।१ गिलास रक्सी पनि खाएका थियौं,त्यही वस्दा प्रेम सुनुवारले म,दिपक खवास र प्रेम सुनुावार सुन पसलमा छिर्ने,अन्य वाहिर मो.सा.मा स्टेनवाई वस्ने भन्ने योजना समेत वनाईयो,शंकर घिसीङ्गको ना ७ प ३६३४ नं को मो.सा. मा दिपक खवास र सानुकाजी घिसीङ्गको वा ४४ प १९०६ नं को मो.सा.मा म र प्रेम सुनुवार वसी कपन मिलनचोकमा आएको थियौं, सागर राईले म कपन चोकमा आउछु भनि गएका थिए,हामी कपन मिलनचोकमा

आउदा चोकका पसलहरु खुला थिए, मानीसहरुको आवतजावत थियो,केही समय पछि सागर राई पनि आई पुगे, सवै जनाको भेट भयो, हामीहरुले केही समय गफ गरेर वस्यौ,दिपक खवास संग २ वटा पेस्तोल र म संग एउटा पेस्तोल थियो,कुराकानीको क्रममा मातामनकामना सुन पसलको सटर वन्द भयो,त्यस पछि म ,प्रेम सुनुवार र दिपक खवास पछाडी पट्टीवाट सुनपसलको पछाडीको कोठामा गयौ,कोठामा पस्दा भित्र हर्क व. दियाली समेत ३ जना मानीसहरु वसेका थिए,मैले आफुसंग भएको पेस्तोल निकाली हर्क व. दियालीलाई ताकी सुन ,नगद निकाल भने,त्यस क्रममा हर्क व. दियालीले पेस्तोल भएको हात समाती तानातान भयो,सोही वेला दिपक खवासले हर्क व. दियालीलाई कन्चटमा सटाई गोली प्रहार गरे, निज ढले, फेरी अर्को गोली रोशन वि.क.लाई घांटीमा पर्ने गरी प्रहार गरे, मैले फायर गर्न भ्याईन्, त्यसपछि अन्य मानीसहरु आउलान भनी त्यहां वाट भागी वाहिर वसेका सानुकाजी तामाङ्गको मो.सा.मा चढ्न गए, दिपक खवासले वाहिर आएपछि पनि फायर गरेका थिए, म र प्रेम सुनुवार सानुकाजी घिसीङ्गको मो.सा.मा चढी भाग्यौं ,दिपक खवास शंकर घिसीङ्गको मो.सा.मा चढी भागे, भाग्ने क्रममा प्रहरीले चेकिङ्ग गरेको थाहा पाई वाटोमा नै मो.सा. छाडी भागेको हौ, भाग्ने क्रममा ज्याकेट चिनेर प्रहरीले समात्छ भनि रगत लागेको मैले लगाएको ज्याकेट साग वारीमा छाडी दिए, मेरो मोवाईलको चार्ज सकिएकोले एउटा ईन्टरनेट पसलमा केही समय व्याट्री चार्ज गराए,सानुकाजी तामाङ्गले मलाई ट्याक्सीमा राखी घुमाए, ट्याक्सीमा घुम्ने क्रममा म संग भएको हतियार १ जना १२।१५ वर्ष जतिको केटालाई राख्न दिएका थिए, फेरी पछि एउटा ट्याक्सी पार्कमा ल्याई मनिष तामाङ्ग नाम गरेका व्यक्तिलाई मैले वोकेको हतियार राख्न दिएका थिए,त्यसपछि मलाई सानुकाजी तामाङ्गले अर्को ट्याक्सी चढाई पठाई दिएका थिए, मैले श्रीमती अनिता चौधरीलाई वोलाई सोही ट्याक्सीमा राखी स्वयम्भु भतिजको कोठामा गई वसेको थिए, म गएको केही समय पछि दिपक खवास पनि आई पुगे, उनलाई पनि भतिजको कोठामा राखी भोली पल्ट काठमाण्डौ काकडभिट्टाको वस चढी भाग्ने क्रममा चितवनको गोन्द्राङ्ग भन्ने ठांउवाट प्रहरीले म ,मेरो श्रीमती र दिपक खवासलाई पक्राउ गरेको हो, मैले लगेको हतियार समेत दिपक खवासले किनी ल्याएका हतियार हो, हामी पक्राउ भएपश्चात दिपक संग भएको हतियार पेस्तोलहरु वरामद भएकै छन ,मैले लगेको हतियार सानुकाजी तामाङ्ग मार्फत मनिष तामाङ्गले लगेको हुन भन्ने समेत व्यहोराको प्रतिवादी शम्भु चौधरीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

६. वरामद भएको हतियार दिपक खवासले ल्याएको हो, म र शम्भु चौधरी भई २०६७ सालको मंसिरमा पोखरामा काचो सुन डांका गरेको थियौं, पोखरामा डाका गरे पश्चात मेरो भागमा परेको ५ तोला सुन मैले कपनमा भएको हर्क व. दियालीको सुन पसलमा सिक्री वनाउन दिएको थिए,सो क्रममा निजको सुन पसलमा तथा व्यपारको वारेमा जानकारी लिएको थिए, र चिनजान भएको पनि थियो,यसै क्रममा शम्भु चौधरी र मेरो फोन सम्पर्क भई काठमाण्डौ आउ, सुन पसलमा डांका गर्नु पर्‍यो भन्दा निजले हतियार पनि छ, काठमाण्डौ आउछौ भनेका थिए,उनि काठमाण्डौ आएपछि आफु काठमाण्डौ आएको मलाई फोन मार्फत भनेका थिए,र पौष ५ गते कोटेश्वरमा भेटौ भनि वोलाएकोले म कोटेश्वर गई दिपक खवास र शम्भु चौधरी संग भेट भएको थियो,शम्भु चौधरीले हतियार ल्याएको छु भनेकोले मैले वैंकमा डांका गरयौं भन्दा शम्भु चौधरीले वैंकमा सिसि क्यामेरा हुन्छ डांका गर्न सकिदैन ,सुन पसल खोज भने । मैले हुन्छ पछि कुरा गरौला भने । हामीले सुनपसलमा डांका गर्नु पर्छ हेर्न जाउ भनेर मैले भने पछि शंकर घिसीङ्गको मो.सा.मा म ,सानुकाजी तामाङ्गको मो.सा.मा शम्भु चौधरी चढी का.जि.कपन गा.वि.स.वडा नं ३ मिलनचोकमा आयौं,मैले मिलनचोकको मातामनकामना सुन पसल देखाए पछि हात्तीगौडाको २ वटा सुन पसल पनि देखाए, त्यस पछि म र शम्भु चौधरी, दिपक खवासलाई लिन कोटेश्वर तर्फ गयौं, सानुकाजी तामाङ्ग आफ्नो कोठा तर्फ गए, शंकर घिसीङ्ग मेरो कोठातिर गए,सो दिन दिपक खवास,शंकर घिसीङ्ग, शम्भु चौधरी मेरो कोठामा वसे,भोली पल्ट विहान अथार्त मिति २०६८।९।८ गते विहान शम्भु चौधरीको श्रीमती अनिता चौधरी पनि मेरो कोठामा आईन ,म श्रीमती माया सुनुवारको काम परेकोले निजलाई लिई वालाजु गए,शम्भु चौधरी र शंकर घिसीङ्ग एयरपोंट गएं, दिपक खवास र अनिता चौधरी मेरो कोठामा वसे, एयरपोर्टको वदाम खाने डांडामा म शंकर घिसीङ्ग, शम्भु चौधरी र सानुकाजी तामाङ्गको भेट भयो, त्यही वसी मातामनकामना सुनचांदी पसलमा डांकाचोरी गर्ने निर्णय गरी हामी पुन छुट्टीयौं मैले वालाजु गई श्रीमतीलाई लिई कोठमा गए, मेरो कोठा अगाडीको चउरमा दिनको अ. ४ वजेतिर म ,शंकर घिसीङ्ग, सानुकाजी तामाङ्ग, शम्भु चौधरी,दिपक खवास र सागर राई समेत भेट भयौं, त्यसपछि हामीहरु शेर्पेनीको होटलमा गई खाजा खायौ,शम्भु चौधरी र शंकर घिसीङ्गले १।१ गिलास रक्सी खाए,त्यही वस्दा म,दिपक खवास र शम्भु चौधरी सुन पसलमा छिर्ने,अन्य वाहिर मो.सा.मा स्टेनवाई वस्ने भन्ने योजना समेत वनाईयो,शंकर घिसीङ्गको ना ७ प ३६३४ नं को मो.सा. मा

दिपक खवास र सानुकाजी घिसीङ्गको वा ४४ प १९०६ नं को मो.सा.मा म र शम्भु चौधरी वसी कपन मिलनचोकमा आएको थियौं, सागर राईले म कपन चोकमा आउछु भनि गएका थिए,हामी कपन मिलनचोकमा आउदा चोकका पसलहरु खुला थिए, मानीसहरुको आवतजावत थियो,केही समय पछि सागर राई पनि आई पुगे, सवै जनाको भेट भयो, हामीहरुले केही समय गफ गरेर वस्यौ,दिपक खवास संग २ वटा पेस्तोल र शम्भु चौधरी संग एउटा पेस्तोल थियो,कुराकानीको क्रममा माता मनकामना सुन पसलको सटर वन्द भयो,त्यस पछि म ,शम्भु चौधरी र दिपक खवास पछाडी पट्टीवाट सुनपसलको पछाडीको कोठामा गयौ,कोठामा पस्दा भित्र हर्क व. दियाली समेत ३ जना मानीसहरु वसेका थिए, शम्भु चौधरीले आफु संग भएको पेस्तोल निकाली हर्क व. दियालीलाई ताकी सुन ,नगद निकाल भने,त्यस क्रममा हर्क व. दियालीले पेस्तोल भएको हात समाती तानातान भयो,सोही वेला रोशन वि.क.वाहिर वाट भित्र आएर निज पुन वाहिर जान खोज्दा खुट्टामा छिड्कीनी लगाउदा उनि लडे , दिपक खवासले हर्क व. दियालीलाई कन्चटमा सटाई गोली प्रहार गरे, निज ढले, फेरी अर्को गोली रोशन वि.क.लाई घांटीमा पर्ने गरी प्रहार गरे, त्यसपछि अन्य मानीसहरु आउलान भनी त्यहां वाट भागी वाहिर वसेका सानुकाजी तामाङ्गको मो.सा.मा चढ्न गए, दिपक खवासले वाहिर आएपछि पनि फायर गरेका थिए, म र शम्भु चौधरी, सानुकाजी घिसीङ्गको मो.सा.मा चढी भाग्यौं ,दिपक खवास शंकर घिसीङ्गको मो.सा.मा चढी भागे, भाग्ने क्रममा प्रहरीले चेकिङ्ग गरेको थाहा पाई वाटोमा नै मो.सा. छाडी भागेको थियौं, मलाई प्रहरीले भोली पल्ट पक्राउ गरेको हो, वारदातको अवस्था दिपक खवासले चलाएको गोली लागी हर्क व. दियालीको मृत्यु भएको हो,वारदातमा प्रयोग भई हाल वरामद भएका हतियार दिपक खवासले किनी ल्याएका हतियार हो, भन्ने समेत व्यहोराको प्रतिवादी प्रेम सुनुवारले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

७. वरामद भएको हतियार दिपक खवासले ल्याएको हो, मेरो र प्रेम सुनुवारको विचमा डांका चोरी गर्ने सल्लाह हुदै गर्दा प्रेम सुनुवारले डांकाचोरी गर्‍यौं भनेकोले पौषको ७ गते प्रेम सुनुवार,सानुकाजी तामाङ्ग , शम्भु चौधरी र मेरो पशुपती गौरीघाटमा भेट भयो अनि हामीले सुनपसलमा डांका गर्नु पर्छ हेर्न जाउ भनि प्रेम सुनुवारले भने पश्चात मेरो मो.सा.मा प्रेम सुनुवार ,सानुकाजी तामाङ्गको मो.सा.मा शम्भु चौधरी चढी का.जि.कपन गा.वि.स.वडा नं ३ मिलनचोकमा आयौं, मिलनचोकको माता मनकामना सुन पसल हेरे पछि हात्तीगौडाको २ वटा सुन पसल पनि हे-यौ, त्यस पछि शम्भु चौधरी र प्रेम सुनुवार दिपक खवासलाई लिन कोटेश्वर तर्फ गएं, सानुकाजी तामाङ्ग आफ्नो कोठा तर्फ गए, म प्रेम सुनुवारको कोठातिर गए,सो दिन म दिपक खवास,शम्भु चौधरी प्रेम सुनुवारको कोठामा वस्यौं,भोली पल्ट विहान अथार्त मिति २०६८।९।८ गते विहान शम्भु चौधरीको श्रीमती अनिता चौधरी पनि प्रेम सुनुवारको कोठामा आईन ,प्रेम सुनुवार आफ्नो श्रीमती लाई लिई वालाजु गए,म र शम्भु चौधरी एयरपोंट गयौं, दिपक खवास र शम्भु चौधरीको श्रीमती त्यही वसे,एयरपोर्टको वदाम खाने डांडामा म शम्भु चौधरी, प्रेम सुनुवार र सानुकाजी तामाङ्गको भेट भयो, त्यही वसी मातामनकामना सुनचांदी पसलमा डांकाचोरी गर्ने निर्णय गरी हामी पुन प्रेम सुनुवारको कोठा अगाडीको चउरमा दिनको अ. ४ वजेतिर भेट भयौं,उक्त चउरमा म ,शम्भु चौधरी, सानुकाजी तामाङ्ग, प्रेम सुनुवार,दिपक खवास र सागर राई समेत भेट भएको थियौं, त्यसपछि हामीहरु शेर्पेनीको होटलमा गई खाजा खायौ,मैले र शम्भु चौधरीले १।१ गिलास रक्सी पनि खाएका थियौं,त्यही वस्दा प्रेम सुनुवार, शम्भु चौधरी,दिपक खवास सुन पसलमा छिर्ने,म लगाएत अन्य वाहिर मो.सा.मा स्टेनवाई वस्ने भन्ने योजना समेत वनाईयो,मेरो ना ७ प ३६३४ नं को मो.सा. मा दिपक खवास र सानुकाजी घिसीङ्गको वा ४४ प १९०६ नं को मो.सा.मा शम्भु चौधरी र प्रेम सुनुवार वसी कपन मिलनचोकमा आएको थियौं, सागर राईले म कपन चोकमा आउछु भनि गएका थिए,हामी कपन मिलनचोकमा आउदा चोकका पसलहरु खुला थिए, मानीसहरुको आवतजावत थियो,केही समय पछि सागर राई पनि आई पुगे, सवै जनाको भेट भयो, हामीहरुले केही समय गफ गरेर वस्यौ,दिपक खवास संग २ वटा पेस्तोल र शम्भु चौधरी संग एउटा पेस्तोल थियो,कुराकानीको क्रममा माता मनकामना सुन पसलको सटर वन्द भयो,त्यस पछि शम्भु चौधरी ,प्रेम सुनुवार र दिपक खवास पछाडी पट्टीवाट सुनपसलमा गए म सोही सुन पसलको अगाडी मोटरसाईकल लिई स्टेण्डवाईमा वसें ,केही समय पछि गोली फायर भएको आवाज आयो,दिपक खवास समेत वाहिर आए निजले वाहिर आएपछि पनि फायर गरे अनि निज दिपक खवास मेरो मो.सा.मा चढी भाग्यौं, भाग्ने क्रममा वाटोमा प्रहरीले चेकिङ्ग गरी रहेका रहेछन, मैले चलाएको मो.सा. रोक्नासाथ दिपक खवास भागे, मलाई प्रहरीले पक्राउ गरेको हो,भन्ने समेत व्यहोराको प्रतिवादी डेबिट ,शंकर भन्ने शंखर घिसीङ्गले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान कागज ।

८. वरामद भएको हतियार मैले रु ३०,०००। मा भारतको जोगवनी वाट किनी ल्याएको हो, म समेत भई जिल्ला सुनसरी चांदवेलामा भएको मेलामा झगडा परी मानीस मारे पश्चात लुकी छिपी वसेका थिएं, यसै क्रममा म र मेरा मामा ससुरा नाताका शम्भु चौधरी मिति २०६८साल पुष महिनाको २ गते हतियार लिई काठमाण्डौ आई वसेका थियौ,काठमाण्डौ आएपछि शम्भु चौधरीको प्रेम सुनुवार संग फोन सम्पर्क भई पौष ५ गते म ,शम्भु चौधरी र प्रेम सुनुवारको कोटेश्वरमा भेट भयो, प्रेम सुनुवारले वैंकमा डांका गरयौं भनेका थिए, शम्भु चौधरीले वैंकमा सिसि क्यामेरा हुन्छ डांका गर्न सकिदैन ,सुन पसल खोज भने । प्रेम सुनुवारले हुन्छ पछि कुरा गरौला भने । पौषको ७ गते शम्भु चौधरी र प्रेम सुनुवार भई मलाई लिन कोटेश्वर आए, सो दिन म शम्भु चौधरी र शंकर घिसीङ्ग प्रेम सुनुवारको कोठामा वस्यौं,मलाई सुन पसल डांका चोरी गर्ने कुरा भनेका थिए,भोली पल्ट विहान अथार्त मिति २०६८।९।८ गते विहान शम्भु चौधरीको म र शम्भु चौधरीको श्रीमती अनिता वस्नेत चौधरी त्यही वस्यौं,सो दिनको अ. ४ वजेतिर प्रेम सुनुवारको कोठा अगाडीको चउरमा म ,शंकर घिसीङ्ग, सानुकाजी तामाङ्ग, प्रेम सुनुवार,शम्भु चौधरी र सागर राई समेत भेट भएको थियौं, त्यसपछि हामीहरु शेर्पेनीको होटलमा गई खाजा खायौ,शम्भु चौधरी र शंकर घिसीङ्गले १।१ गिलास रक्सी पनि खाएका थिएं,त्यही वस्दा प्रेम सुनुवारले म,शम्भु चौधरी र प्रेम सुनुवार सुन पसलमा छिर्ने,अन्य वाहिर मो.सा.मा स्टेनवाई वस्ने भन्ने योजना समेत वनाईयो,शंकर घिसीङ्गको ना ७ प ३६३४ नं को मो.सा. मा म र सानुकाजी घिसीङ्गको वा ४४ प १९०६ नं को मो.सा.मा म र प्रेम सुनुवार वसी कपन मिलनचोकमा आएको थियौं, सागर राईले म कपन चोकमा आउछु भनि गएका थिए,हामी कपन मिलनचोकमा आउदा चोकका पसलहरु खुला थिए, मानीसहरुको आवतजावत थियो,केही समय पछि सागर राई पनि आई पुगे, सवै जनाको भेट भयो, हामीहरुले केही समय गफ गरेर वस्यौ,म संग २ वटा पेस्तोल तथा २ वटा म्याग्जीन,१४ राउण्ड गोली र शम्भु चौधरी संग एउटा पेस्तोल,६ राउण्ड गोली थियो,कुराकानीको क्रममा माता मनकामना सुन पसलको सटर वन्द भयो,त्यस पछि म ,प्रेम सुनुवार र शम्भु चौधरी पछाडी पट्टीवाट सुनपसलको पछाडीको कोठामा गयौ,कोठामा पस्दा भित्र हर्क व. दियाली समेत ३ जना मानीसहरु वसेका थिए,शम्भु चौधरीले आफुसंग भएको पेस्तोल निकाली हर्क व. दियालीलाई ताकी सुन ,नगद निकाल भने,त्यस क्रममा हर्क व. दियालीले पेस्तोल भएको हात समाती तानातान भयो,सोही वेला रोशन वि.क.वाहिर वाट भित्र आई पुन वाहिर जान लाग्दा छिड्कनी लगाई लडाई मैले हर्क व. दियालीलाई कन्चटमा सटाई गोली प्रहार गरे, निज ढले, फेरी अर्को गोली रोशन वि.क.लाई घांटीमा पर्ने गरी प्रहार गरे, त्यसपछि अन्य मानीसहरु आउलान भनी त्यहां वाट भागी वाहिर निस्कदा मानीसहरु जम्मा भएको देखी पुन १ फायर गरी शंकर घिसीङ्गको मो.सा.मा चढी भागे, भाग्ने क्रममा वाटोमा प्रहरीले चेकिङ्ग गरी रहेका रहेछन, शंकर घिसीङ्गले चलाएको मो.सा. प्रहरीले रोक्नासाथ म भागे, भाग्ने क्रममा मेरो साथमा भएको हतियार पछि खोजी लैजानु पर्छ अहिले साथमा लैजादा प्रहरीले पक्राउ गर्न सक्छ की भन्ने ठानी गुम्वा अगाडी खाली जग्गामा जाने गेट संगै भएको फोहोर मुनी हतियार लुकाई ट्याक्सी चढी म शम्भु चौधरी भएको स्थान स्वयम्भुमा गएको हु, म पनि शम्भु चौधरीको भतिजको कोठामा वसी भोली पल्ट काठमाण्डौ काकडभिट्टाको वस चढी भाग्ने क्रममा चितवनको गोन्द्राङ्ग भन्ने ठांउवाट प्रहरीले शम्भु चौधरी ,निजको श्रीमती र मलाई पक्राउ गरेको हो, वारदातको अवस्था मैले चलाएको गोली लागी हर्क व. दियालीको मृत्यु भएको र रोशन वि.क. घाईते भएको हुन हामी पक्राउ भएपश्चात मैले लुकाएको हतियार पेस्तोलहरु वरामद भएकै छन ,भन्ने समेत व्यहोराको प्रतिवादी विरेश भन्ने दिपक खवासले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

९. मिति २०६८।९।५ गते काठमाण्डौ आएकी थिए, काठमाण्डौ आएपश्चात भतिज अष्टनारायण चौधरीको कोठामा वसेको थिए, मेरो श्रीमान शम्भु चौधरीलाई भेट गर्न आएको र भेट नभएपछि मिति २०६८।९।८ गते विहान प्रेम सुनुवारको कोठामा गई भेटेको थिए,म दिन भर सोही ठांउमा वसे, सांझ अ. ७ वजेतिर श्रीमानले वोलाएकोले म श्रीमानले ल्याएको ट्याक्सीमा वसी भजितको कोठामा गई वसेको हो, राती दिपक खवास पनि आएका थिए, भोली पल्ट विहान भतिज समेतलाई गांउ जाने टिकट काटिदेउ भनेकोले भतिजले वसको टिकट काटीदिएको हुँदा मेरो श्रीमान शम्भु चौधरी ,म र दिपक खवास वस चढी जाँदै गर्दा चितवनको गोन्द्राङ्ग भन्ने स्थानमा प्रहरीले पक्राउ गरेपश्चात श्रीमान समेतले का.जि.कपनमा भएको सुन पसलमा डांका गर्न गएको र गोली प्रहार गरी हर्क व. दियालीलाई हत्या गरेको रोशन वि.क.घाईते वनाएको थाहा पाएको हुँ, यो वारदातमा मेरो संलग्नता योजना छैन,श्रीमान शम्भु चौधरीले मलाई घटना वारेमा केही भनेन् भन्ने समेत व्यहोराको प्रतिवादी अनिता वस्नेत चौधरीको वयान कागज ।

१०.वरामद भएका Made in USA लेखेको अटोमेटीक पेस्तोल तथा नल कटुवा पेस्तोल दुवै Home made भएको उक्त Made in USA लेखेको पेस्तोल वाट गोली फायर भएको ,वरामद हुन आएको 7.06 भएको खोका सोही

पेस्तोल वाट फायर भएको वरामद भएको लिड पनि सोही 7.65 को खोकावाट फायर भएको हुन सक्ने, वरामद भएको गोलीहरु ११ राउण्ड पनि सोही पेस्तोलवाट फायर हुन सक्ने भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदन ।

११.यसमा अनुसन्धान कार्य समाप्त भई अभियोजनार्थ प्राप्त हुन आएको प्रस्तुत मिसिल सलंलग्न रहेको घटनास्थल प्रकृती मुचुल्का,वरामदी मुचुल्का,प्रहरी प्रतिवेदनहरु, पक्राउ प्रतिवादीहरुको सावीती वयान,परीक्षण प्रतिवेदन समेतका आधारवाट प्रतिवादीहरु प्रेम सुनुवार, शम्भु चौधरी, विरेश भन्ने दिपक खवास, डेविट भन्ने शंखर घिसीङ्ग, सानोकाजी तामाङ्ग र सागर राई समेतका मानीसहरुले सुन पसल डांका चोरी गर्ने योजना वनाई हतियार समेत किनी ल्याई मिति २०६८।९।८ गते सांझ अ.१८:४५ वजेको समयमा का.जि.कपन गा.वि.स.वडा नं ३ मिलनचोकमा रहेको माता मनकामना सुनचांदी पसलमा आई सुन पसलको पछाडी वाट भित्र प्रवेश गरी पसलमा भएका हर्क व. दियाली र रोशन वि.क.लाई गोली प्रहार गरी पसलमा भएको रु ५,६३,०००। वरावरको सुनको गहना समेत डांका चोरी गरी लगेको र घाईते भएका हर्क व. दियालीको मृत्यु भएको साथै घाईते भएका रोशन वि.क. उपचारमा नै रहेकोमा घटनास्थल वाट गोलीको खोका २ थान,गोलीको लिड १ थान,वारदातमा प्रयोग भएको Made in USA , no 7001 लेखेको पेस्तोल १ थान,ऐ को म्याग्जीन २ थान,गोली राउण्ड ११ र नलकटुवा पेस्तोला थान १ समेत वरामद भई निज प्रतिवादीहरुले विना अनुमती,विना लाईसेन्स वेगर हातहतियार गोली गठ्ठाहरु साथमा लिई हिडी ओसार पसार गरी हातहतियार खरखजना ऐन २०१९ (संशोधन २०६४ सहित)को दफा ३(२) ४, ५ र २०(२) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम हदै सम्मको कारवाही र संजाय हुन र ऐ को दफा १६ बमोजिम वरामद हतियार खरखजनाहरु जफत हुन समेत मागदावी लिइ अभियोग पत्र प्रस्तुत भएको ।

१२. मिति २०६८।९।८ गते भएको घटनाको सम्वन्धमा मलाई केही थाहा छैन । मेरो साथबाट कुनै हतियार वरामद भएको छैन । वरामद हतियार खरखजना कस्को हो थाहा छैन । म एक हप्ता अगाडि काम गर्न काठमाण्डौ आएको र मिति २०६८।९।१० गते घर जादा चितवनबाट पक्राउ परेको हो । अनुसन्धानको क्रममा भएको वयान मेरो हो तर व्यहोरा के लेखे थाहा भएन भन्ने समेतको व्यहोराको प्रतिवादी शम्भु चौधरीले यस कार्यालयमा गरेको बयान ।

१३. प्रतिवादीहरु मध्य शंकर घिसिङ्गलाई अगाडि देखि चिनजान थियो । निजसँग चिनजान भएकोले नै उक्त घटनामा हुन मलाई भनेको हुदा म पनि सामेल हुने गरी २/३ दिन अगाडि सल्लाह भएको थियो । फरार भएको प्रतिवादीलाई मैले चिनेको छैन । शम्भु चौधरीले फोन गरी आफुसँग हतियार भएको वताएको र निज पोखरा बस्ने भएकोले सुन डाका गर्न जानु पर्छ भनी भन्दा हुन्छ भनेकोमा निज काठमाण्डौ आएपछि भेट भएन प्रहरीले पक्राउ गरेपछि भेट भएको हो । केही दिन पहिले उक्त मातामनकामना सुन पसलमा डाका गर्ने भनी हेरेका थियौं । त्यही भएर साथीहरुले डाका गर्न गएका होलान ।सुन पसलमा पेस्तोल हान्ने को हो थाहा छैन । म घटनामा सामेल थिइन । अरुले पोलेकाले मलाई प्रहरीले पक्राउ गरेको हुनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी प्रेम सुनुवारले यस कार्यालयमा गरेको बयान ।

१४. म मिति २०६८।९।८ गते कोटेश्वरमा विस्कुट फ्याक्ट्रीमा काम गर्न गएको थिए । मिति २०६८।९।१० गते घर जादै गर्दा चितवनबाट मामा शम्भु चौधरी र माइजु अनिता चौधरी समेत पक्राउ परेका हौ । वरामदी मुचुल्कामा उल्लेखित हतियार म बाट वरामद भएको होइन र मेरो पनि होइन । अन्य प्रतिवादीलाई म चिन्दिन । यस अघि गरेको वयानमा मलाई जवर्जस्ती सहीछाप गराएकोले सो व्यहोरा सत्य होइन भन्ने समेतको व्यहोरा प्रतिवादी दिपक खवासले यस कार्यालयमा गरेको वयान ।

१५. मिति २०६८।९।८ गते मैले काम गर्ने ट्राभल एकेडेमीबाट घरतर्फ गई रहेको थिए । उक्त दिन भएको घटनामा म सामेल छैन । वरामद भएको हतियार खरखजना मैले देखेको पनि छैन । कस्को हो थाहा छैन । सुन पसल लुट्न योजना भएको हो तर सो दिन म उक्त घटनामा सामेल पनि छैन भन्ने समेत व्यहोराको प्रतिवादी शंकर घिसिङ्गले यस कार्यालयमा गरेको वयान ।

१६. प्रतिवादीहरुले यस कार्यालयमा र मौकामा गरेको बयान,वरामदी मुचुल्का समेतका तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीहरु प्रेम सुनुवार,शंखर घिसीङ्ग,शम्भु चौधरी, दिपक खवास सानोकाजी तामाङ्ग समेतले अभियोग दावी अनुसारको कसुर गरेका होइनन् भन्न सक्ने अवस्था अहिले नै नदेखिएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी पक्राउ परेका प्रतिवादीहरु प्रेम सुनुवार,शंखर घिसीङ्ग,शम्भु चौधरी र दिपक खवासलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(क) बमोजिम पूर्पक्षको लागि थुनामा राख्नु र अभियोग पत्रसाथ पेश भएका हातहतियार खरखजाना सुरक्षितसाथ राख्न महानगरीय प्रहरी बृत्त नयाँवानेश्वरमा पठाउनु भन्ने समेत यस कार्यालयबाट मिति २०६९/०१/०७ मा भएको आदेश ।

१७. प्रतिवादी प्रेमबहादुर सुनुवार,शम्भु चौधरी,दिपक खवास र शंकर घिसिङ्गले मिति २०६८।०९।८ गते का.जि.का.कपन गा.वि.स.वडा नं.३ मिलन चोकमा हर्कबहादुर दियालीलाई कर्तव्य गरी हत्या गरेको सम्वन्धमा अनुसन्धानको क्रममा निजहरुसँग पेस्तोल, म्यागिजन र गोली समेत वरामद भएकोले सो तर्फ पनि कानूनी कारवाही गर्नको लागि मैले प्रतिवेदन पेश गरेको हुँ । प्रतिवेदनमा भएको दस्तखत मेरै हो । मिति २०६८।९।२४ गते म आफैले प्रतिवेदन लेखी पेश गरेको हो भन्ने व्यहोराको प्र.ना.नि. राजु अधिकारीले यस कार्यालयमा गरेको बकपत्र ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।९।८ गतेका दिन काठमाण्डौं जिल्ला, कपन गा.वि.स.वडा नं. ३ स्थित मनकामना सुनचाँदी पसलमा प्रतिवादीहरु प्रेम सुनुवार, संखर घिसिङ, शम्भु चौधरी र दिपक खवासले Made in USA, no.7001 लेखेको पेस्तोल तथा नलकटुवा पेस्तोल समेत लिई गई पसलमा प्रवेश गरी संचालक हर्क ब. दियाली र रोशन वि.क.लाई गोली प्रहार गरी पसलमा भएको रु ५,६३,०००। वरावरको सुनको गहना समेत डांका चोरी गरी लगेको र घाईते भएका हर्क ब. दियालीको मृत्यु भएको साथै घाईते भएका रोशन वि.क. उपचारमा नै रहेकोले निज प्रतिवादीहरु (अनिता चौधरी बस्नेत र माया सुनुवारको हातहतियार खरखजाना राख्ने, ल्याउने लैजाने कार्यमा संलग्नता नदेखिएकाले निजहरु उपर मुद्दा नचलाउने निर्णय भएको) लाई हातहतियार खरखजना ऐन २०१९ को दफा ३(२) ४, ५ र २०(२) बमोजिम लाईसेन्स नलिई हातहतियार खरखजाना साथमा लिई हिडी ओसार पसार गरेको कसुर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम संजाय गरी ऐ को दफा १६ बमोजिम वरामद हतियार खरखजनाहरु जफत गरिपाउँ, भन्ने अभियोग दावी रहेछ ।

यसमा प्रतिवादीले अभियोग दावी बमोजिम कसुर गरेका हुन होइनन् गरेका भएका निज प्रतिवादीहरुलाई के कस्तो सजायँ हुनुपर्ने हो भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आएको छ ।

मिसिल संलग्न कागजातहरु अध्ययन गरी अब निर्णय तर्फ बिचार गर्दा का.जि.कपन गा.वि.स. वडा नं. ३ मिलनचोकमा अवस्थित माता मनकामना सुनचाँदी पसलको भित्रपट्टि भुइमा रगतको आहाल परेको, रगतको टाटा वरपरसम्म लागेको, नजिकै सडकमा गोलीको खोका फेला परेको भन्ने समेत ब्यहोराको मिति २०६८।९।८ को घटनास्थल प्रकृति मुचुल्का रहेछ । पक्राउ परेका अभियुक्त दिपक खवासले देखाए बमोजिम का.जि.का.म.न.पा.वडा नं.६ बौद्ध स्थित फोहोर फाल्ने स्थानमा २ वटा पेस्तोल, ५राउण्ड गोली लोड भएको म्यागिजन, गोली राउण्ड-२, समेत बरामद भएको भन्ने मिति २०६८।९।१० को बरामदी मुचुल्काको रोहवरमा प्र.दिपक खवासको सहिछाप देखिन्छ ।

अनुसन्धानको क्रममा प्रतिवादी शम्भु चौधरीले *मिति २०६८।९।८ गते मँ दिपक खवास, प्रेम सुनुवार, सागर राई, शंकर घिसिङ, सानुकान्छा घिसिङ समेत भई डाका गर्न गएको, मैले ६ राउण्ड गोली लोड भएको पेस्तोल बोकेको र सुनचाँदी पसल सन्चालक हर्क बहादुर दियाली लाई ताकेर सुन, पैसा मागेको तर निजले हात समाई हातहतियार तानातान भएपछि दिपक खवासले हर्क बहादुर दियालीको कन्चटमा सटाई गोली प्रहार गरी ढलाएको, अन्य मान्छेहरुले प्रतिकार गर्न खोजे पछि दिपक खवासले रोशन वि.क.लाई घाँटीमा गोली प्रहार गरेको म र प्रेम सुनुवार सानुकान्छा घिसिङको मोटरसाईकलमा चढी र दिपक खवास,शंकर घिसिङको मोटरसाईकलमा चढी भागेको, बरामद भएको पेस्तोल, म्यागजीन, गोलीहरु*

*माता मनकामना सुनचाँदी पसलमा डाँका गर्दा मैले बोकेको, पेस्तोल सबै दिपक खवासले भारत जोगवनीबाट खरिद गरी ल्याएको, घटना पश्चात पेस्तोल प्र. सानकान्छा घिसिङले लगेको* भनी बयान गरेका र प्रतिवादीहरु प्रेमसुनुवार, शंकर घिसिङ, दिपक खवासले सोहि ब्यहोरा समर्थन हुनेगरी बयान गरेको देखियो । यस कार्यालय समक्षको बयानमा प्र.शम्भु चौधरीले *अनुसन्धानको क्रममा भएको बयान ब्यहोरा झुठा भएको,आफुसँग कुनै हतियार वरामद नभएको* भनी कसुरमा इन्कार रही बयान गरेको, प्रतिवादी प्रेम सुनुवारले *म समेत भई माता मनकामना सुन चाँदी पसलमा डाका गर्ने उद्देश्यले हेरेको, त्यसैको आधारमा साथीहरु पेस्तोल लिएर गएको हुनु पर्छ ,पेस्तोल शम्भु चौधरीले हानेको हुनपर्छ, म घटनामा प्रत्यक्ष सहभागी छैन* भनी बयान गरेका । प्र. दिपक खवासले *मिति २०६८।९।८ को घटना सम्बन्धि वारदात स्थलमा छैन,बरामदी मुचुल्कामा उल्लेखित हतियार तथा गोलीहरु मेरो होईनन् ,प्र.मध्येमा शम्भु चौधरी बाहेक अरुलाई मैले चिन्दिन,अनुसन्धानको क्रममा भएको बयान जबरजस्ती सहिछाप गरेको हो, म निर्दोष छु* भनी ईन्कारी बयान गरेको रहेछन् । प्र.डेविट भन्ने शंकर घिसिङले *बरामद हतियार दिपक खवासको साथबाट बरामद भएको भन्ने सुनेको, डाका गर्ने सम्बन्धमा साथीहरु सँग सल्लाह भएको, सुन पसलमा आक्रमण गर्ने तयारी गरेको, मबाट केहि गल्ती भएको कुरा स्वीकारी सकेको* भनी कसुरमा आंशिक साविती रहेका रहेछन् । फरार रहेका प्रतिवादी सानुकान्छा, सानुबाबु भन्ने सानोकाजी तामाङका नाउमा जारी भएको म्याद तामेल भई निज प्रतिवादीले शुरु म्यादै गुजारी बसेको देखियो । बरामद भई आएको पेस्तोल, म्याग्जीन र गोलीहरु केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट परीक्षण र यकिन भई प्रतिवेदन मिसिल संलग्न रहेकाले वरामद चिजवस्तु खात हतियार खरखजाना भएको तथ्यमा कुनै विवाद रहेन । यस कार्यालयमा गरेको बयानमा प्रतिवादीहरु कसुरमा ईन्कार रहेता पनि तोकिएको तारेखमा आफ्ना साक्षी प्रमाण पेश गरी आफुहरु विरुद्धको अभियोगलाई खण्डन गर्न सकेको देखिएन । यद्यपी वादी नेपाल सरकारको तर्फबाट प्रतिवेदक प्रहरी कर्मचारी यस कार्यालयमा उपस्थित भई अभियोगमा दावीलाई थप पुष्ट्याई गरेको देखिन्छ । यसै वारदातबाट उठेको कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँका मुद्दाहरुमा यिनै प्रतिवादीहरु काठमाण्डौं जिल्ला अदालतको आदेशले थुनामा रहेको मिसिल सँलग्न कागजातहरुबाट देखिन आयो ।

अतः माथी विवेचना गरिएका तथ्यहरुका आधारमा यी प्रतिवादीहरुमध्ये दिपक खवासले भारतबाट हातहतियार खरिद गरी ल्याएको, शम्भु चौधरी, प्रेम सुनुवार, शंकर घिसिङ, सानोकाजी तामाङ समेतको योजनामा माता मनकामना सुनचाँदी पसलमा डाँका गर्न गएको, शम्भु चौधरीले एकवटा पेस्तोल र दिपक खवासले १ वटा पेस्तोल बोकेको, दिपक खवासले गोली प्रहार गरेको तथ्य पुष्टी हुन आएकोले प्रतिवादीहरु प्रेम सुनुवार, डेविट, शंकर भन्ने शंखर घिसिङ, शम्भु चौधरी विरेश भनिने दिपक खवास, सानुकान्छा सानुबाबु समेत भनिने सानोकाजी तामाङले हात हतियार खरखजाना ऐन, २०१९ को दफा ३(२),४,५ विपरित लाईसेन्स नलिई हातहतियार खरखजाना आफुहरुसाथ राखेको, विदेशबाट नेपाल भित्र्याएको, साथमा लिई हिडेको कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीहरुको पृष्ठभूमी, प्रतिवादीहरुले घटाएको अन्य अपराधहरु समेत लाई बिचार गर्दा प्रतिवादीहरु प्रेम सुनुवार, डेविट, शंकर भन्ने शंखर घिसिङ, सानोकाजी तामाङ, विरेश भन्ने दिपक खवास र शम्भु चौधरीलाई ऐ. ऐनको दफा २०(२) बमोजिम जनही ३ (तीन) वर्ष कैद हुन्छ । बरामद भई आएको हात हतियार खरखजना ऐ.दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्धा मु.ऐ.अ.बं.१८६ बमोजिम फैसला गरिदिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु प्रेम सुनुवार, डेविट, शंकर भन्ने शंखर घिसिङ, विरेश भन्ने दिपक खवास र शम्भु चौधरीलाई जनही ३(तीन) वर्ष कैद हुने ठहरेकोले निजहरु पक्राउ परेको मितिबाट गणना गरी प्रतिवादी प्रेम सुनुवार, डेविट, शंकर भन्ने शंखर घिसिङ, विरेश भन्ने दिपक खवास, शम्भु चौधरीलाई थुनामा बस्न नियमानुसार कैदीपूर्जि दिनू ..........................१

शुरु म्यादै गुजारी बसेका प्रतिवादी सानुकान्छामान, सानुवावु समेत भनिने सानोकाजी तामाङ्गलाई मू.ऐ. अ.बं २०८ नं. बमोजिम पुनरावेदन म्याद दिइरहन परेन, निजलाई ठहरेको कैद सजाँयको लगत कसी नियमानुसार असुल गर्नु..........................................................................................२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु ..................................................३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ......................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.............................................................................................................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइ दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..............................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

..................................
(**बसन्त राज गौतम**)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल कार्तिक १७ गते रोज २ शुभम् ......................